

नेपाल पन्छी संरक्षण संघ

# गिद्ध सन्देश
# Giddha Sandesh

अर्धवार्षिक मुखपत्र | वर्ष १ | अङ्क १ | असोज २०६७

## दुई शब्द....



विश्वमा अहिले गिद्ध सङ्कटमय भएको अवस्थामा, नेपाल पन्छी संरक्षण संघले गिद्ध संरक्षणका लागि चालेका कदमहरू अति नै व्यवहारिक भएको सबैले अनुभव गरेको कुरा हो। संस्थाका संरक्षण कार्यहरु र संरक्षण सन्देशहरु बोकेको यो अर्धवार्षिक पत्रिका आम जनसमुदाय समक्ष लैजान पाउँदा नेपाल पन्छी संरक्षण परिवार गर्व गर्दछ। यो पत्रिका संस्था र समुदाय बीच अनुभव र सूचना आदान प्रदान गर्ने एउटा माध्यमको रुपमा प्रस्तुत हुनेछ भन्ने मैले आशा लिएको छु।

प्रकृतिको कुचिकार मानिने गिद्धको अनुसन्धान र संरक्षणमा नेपाल पन्छी संरक्षण संघले सन् २००२ देखि काम गरिरहेको छ। दुर्लभ गिद्धहरुको संरक्षणका साथै स्थानीय मानवको जिविकोपार्जनमा सहयोग पुऱ्याउनका निम्ति समुदायद्वारा संचालित गिद्ध रेष्टुरेन्ट विश्वमै पहिलो पल्ट नवलपरासीको कावासोतीमा संचालन भएपछि गिद्ध संरक्षणमा नयाँ आयाम आरम्भ भएको हो। डाइक्लोफेनेक नामक पशुऔषधि गिद्धका लागि हानिकारक भएकाले नेपाल पन्छी संरक्षण संघले क्षेत्र विस्तारीकरण गर्दै डाइक्लोफेनेक मुक्त क्षेत्र/गिद्ध सुरक्षित क्षेत्र बनाउने उद्देश्यले हाल १३ जिल्लामा कार्यक्रम गरिरहेको छ र अन्य जिल्लाहरुमा गिद्धको अनुसन्धान गर्दैछ। दुर्लभ गिद्धहरुको संरक्षणप्रति नेपाल सरकारले चासो देखाएपछि सन् २००९ मा राष्ट्रिय प्रकृति संरक्षण कोष र नेपाल पन्छी संरक्षण संघको प्राविधिक सहयोगमा राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु विभागले "गिद्ध संरक्षण कार्य योजना" प्रकाशित गर्यो। यसरी विभिन्न समुदायहरु र सरकारी/गैरसरकारी संस्थाहरुको निरन्तर सहयोग र नेपाल पन्छी संरक्षण संघको अथक प्रयासबाट गिद्धहरु सुरक्षित भई स्वस्थ र स्वच्छ वातावरणको निर्माण हुनेछ भन्ने कुरामा म आशावादी छु।

अन्त्यमा, गिद्ध संरक्षण गर्नमा सहयोग गर्नुहुने संरक्षणकर्मीहरू, स्थानीय समुदायहरू, संरक्षण संस्थाहरू, सरकारी निकायहरू र दातृ संस्थाहरूप्रति म हार्दिक कृतज्ञता प्रकट गर्न चाहन्छु र गिद्ध बचाउ अभियानमा हातेमालो गरी अघि बढ्न हार्दिक निवेदन गर्दछु।



■ डा. हुम गुरुङ्ग
*प्रमुख कार्यकारी अधिकृत*
*नेपाल पन्छी संरक्षण संघ*

# पारिस्थितिकीय प्रणालीको अभिन्न अङ्गः गिद्ध



गिद्ध पारिस्थितिकीय प्रणालीको अभिन्न अङ्ग हो। यिनीहरूले प्रकृतिमा भएका सडेगलेका सिनोहरू खाएर वातावरणलाई स्वच्छ राख्न मद्दत पुऱ्याउँदछन्। प्रकृतिमा यिनीहरूको उपस्थिति स्वच्छ वातावरणको सूचक मानिन्छ।

संसारमा २३ प्रजातिका गिद्धहरू पाइन्छन्। यिनीहरूलाई पुरानो विश्वका र नयाँ विश्वका गिद्धहरू भनी २ भागमा बाँडिएको छ। पुरानो विश्वका गिद्धहरू भन्नाले अफ्रिका, एशिया र यरोपमा पाईने गिद्धहरू हुन्। यिनीहरूले सिनो टाढाबाट देखेर पत्ता लगाउने गर्दछन्। नयाँ विश्वका गिद्धहरू भन्नाले उत्तरी र दक्षिणी अमेरिकामा पाइने गिद्धहरू हुन्। यिनीहरूले सिनो सुँघेर पत्ता लगाउने गर्दछन्। नयाँ विश्वका गिद्धहरू कुल ७ प्रजातिका र पुरानो विश्वका गिद्धहरू कुल १६ प्रजातिका छन्।

दक्षिण एशियामा कुल ९ प्रजातिका गिद्धहरू पाइन्छन् जसमध्ये ४ वटा प्रजातिहरू आई.यू.सि.एन.को अति संकटापन्न सूचीमा परेका छन्। नेपालमा ८ प्रजातिका गिद्धहरू पाइन्छन्: डंगर, सानो खैरो, सेतो, सुन, हिमाली, राज, खैरो र हाडफोर गिद्धहरू जसमध्ये डंगर र सानो खैरो विश्वमै दुर्लभ हुन् भने डंगर, सानो खैरो र सुन प्रजातिका गिद्धहरू आई.यू.सि.एन.को अति संकटापन्न र सेतो गिद्ध संकटापन्न अवस्थामा रहेका छन्।

हाडफोर र गोब्रे गिद्धको केहि अवस्थामा बाहेक गिद्धहरूले एउटा मात्र फुल पार्दछन् र यिनीहरू करिब ७५ दिन ओथारो बस्ने गर्दछन् र बच्चा कोरलेको १२० दिनमा उड्न सक्ने हुन्छन्। सामान्यतया तराईका रैथाने गिद्धहरूको असोजदेखि प्रजनन् कार्य सुरु भई जेठ महिनामा बच्चा गुँडबाट उड्न सक्ने हुन्छन्। चिडियाखानामा भएको एउटा अध्ययनले गिद्ध ३७ वर्ष सम्म बाँचेको देखाएको छ।

भारतमा सन् १९९२ देखि २००७ सम्मको राजमार्ग ट्रान्जेक्ट सर्भेबाट डंगर ९९.७% र सानो खैरो ९८% घटेको कुरा पुष्टि भएको छ। त्यसैगरी नेपालमा पनि १९९२ देखि २००९ सम्मको राजमार्ग ट्रान्सेक्ट सर्भेबाट डंगर र सानो खैरो गिद्ध ९५% ले घटेको पाइएको छ। सन् १९९० को मध्यदेखि नेपाल, भारत र पाकिस्तानमा गिद्धहरूको संख्यामा नाटकीय ढंगले ह्रास आउनुको प्रमुख कारण पशु उपचारमा दुखाई कम गर्न प्रयोग गरिने औषधि डाइक्लोफेनेक भएको कुरा सन् २००४ मा पुष्टि भएको थियो। यस बाहेक सामान्य रुपमा आहाराको कमी, विषादीको प्रयोग, विद्युतिय करेन्ट र अन्य वातावरणीय तत्वहरूको पनि प्रमाण देख्न सकिन्छ।



पारिस्थितिकीय प्रणालीको अभिन्न अंगको रुपमा रहेको सिनो खाने प्रजाति गिद्धको ह्रास हुनाले प्रकृतिमा प्रतिकूल असर पुग्दछ। गिद्धको अभाव भएमा सिनो खाने भुस्याहा कुकुर, स्याल र मुसाहरूको संख्यामा बृद्धि हुन्छ। यस्ता जनावरको संख्यामा बृद्धि भएमा मानिसमा रेबिज, प्लेग आदि जस्ता घातक रोगहरू फैलिन सक्छन् र चौपायाहरूमा एन्थ्रेक्स, ब्रुसेलोसिस् र टीबी जस्ता रोगहरू फैलिने सम्भावना पनि बढेको छ। त्यसैगरी गिद्धको ह्रास हुनाले प्रकृतिमा हावा, पानी र माटो एकैसाथ प्रदुषण हुनुका साथै सिनो गाड्न, जलाउन वा नष्ट गर्न निकै समस्या देखिने गर्दछ। यस बाहेक विभिन्न समुदायमा गिद्धको धार्मिक र परम्परागत महत्व पनि रहि आएको छ। तसर्थ: सबै वर्ग, क्षेत्र र समुदायबाट गिद्ध संरक्षणका लागि हातेमालो गर्नु अत्यन्त जरुरी रहेको छ।

**खडानन्द पौडेल**
*फिल्ड बायोलोजिस्ट*
*गिद्ध संरक्षण कार्यक्रम*
*नेपाल पन्छी संरक्षण संघ*

# गिद्ध संरक्षणमा समुदायको चासोः

गिद्ध र मानव जातिको सम्बन्धमा परापूर्वकाल देखिनै रहेको छ। नारी अस्तित्व संरक्षण गर्न र अन्यायको विरुद्धमा आफ्नो प्राण समेत अर्पण गर्ने पन्छीको रुपमा गिद्धलाई चिनिन्छ। यति मात्र नभई वातावरण सफा राखी मानव जातिलाइ विभिन्न महामारी रोगबाट बचाउन र वातावरणमा रहेको पारिस्थितिकीय प्रणालीलाई बचाई राख्न गिद्धको ज्यादै महत्व रहि आएको छ।

विगत एक दशक यता गिद्धको संख्या विश्वबाट ९५ प्रतिशतले बिनास भएको वैज्ञानिक तथ्य सार्वजनिक भएपछि गिद्ध संरक्षणमा नेपाल सरकार, गैरसरकारी संघसंस्था र समुदाय गिद्ध संरक्षणमा अति चासो दिई लागि परेका छन।

गिद्ध वन जंगल र भिर पखेरामा नै बस्ने भएकाले सामुदाय स्तरबाट नै गिद्धको संरक्षणमा ठूलो योगदान पुग्न सक्दछ भन्ने सोच, उत्साह र चासो लिई यो गिद्ध संरक्षण कार्यक्रममा समुदाय नै प्रत्यक्ष रुपमा लागेका छन।

गिद्ध संरक्षणमा समुदायले गरेका पहल र चासोहरू :

१ दाङ्ग जिल्लाको बिजौरी गाविस बिजौरीमा समुदायको सक्रियतामा गिद्ध सुरक्षित क्षेत्र स्थापना २०६६ सालमा गरिएकोछ। सामुदायिक वनको कार्ययोजनामा पनि गिद्धको गतिविधि समावेश गरिएको छ। समुदायको सक्रियतामा जिल्ला वन कार्यालय दाङ्गले १७.६७ हेक्टर जमिनलाई गिद्ध सुरक्षित क्षेत्रको लागि छुट्याई दिएको छ।

२ समुदायको सक्रियतामा नेपाल संस्कृत विश्व विधालयले १७ बिगाहा र मानपुर गाविसले ४ बिगाहा गरी २१ बिगाहा जग्गा गिद्धको बासस्थानको लागि सिमलका बिरुवा लगाउने भनि सो जग्गा हस्तान्तरण गरिदिएको छ।

३ गिद्ध सुरक्षित क्षेत्रको लागि जिल्ला विकास समिति, नगरपालिका, गाउँ विकास समिति, जिविकोपार्जनको लागि वन कार्यक्रम र अन्य विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाबाट आर्थिक तथा भौतिक श्रोत जुटाइएको छ।

४ दाङ्गमा गिद्धकोलाई वासस्थानको लागि चाहिने उपयुक्त सिमलको १० हजार बिरुवा लगाइएको छ।

५ गैंडाताल रुपन्देहीमा पनि स्थानीय समुदायको सक्रियतामा जटायू सुरक्षित क्षेत्र स्थापना गरी दुर्लभ गिद्धहरूलाई संरक्षण गर्ने कार्य प्रभावकारी रुपमा अगाडि बढाइएको छ। त्यति मात्र नभई जनताको आर्थिक अवस्था सुधार गर्नको लागि मौरीपालन, अगरबत्ती, मैनबत्ती, नेचरगाईड तालिम र तरकारी खेतीको लागि सिँचाई (बोर) को व्यवस्था गरिएको छ। जसले गर्दा झन स्थानीय समुदायले गिद्ध संरक्षणमा चासो दिएका छन।

६ त्यसैगरी यस समितिले गिद्ध सुरक्षित क्षेत्रको लागि जिल्ला वन कार्यालय र गैंडाताल सामुदायिक वन समन्वय गरी ५६.२१ हेक्टर जमिन प्राप्त गरेको छ।

७ जटायू रेष्टुरेण्ट संचालन समिति नवलपरासी कावासोती/पिठौलीमा पनि गिद्ध संरक्षणको लागि ५१.५६ हेक्टर सामुदायिक वन तथा नमूना मध्यवर्ती क्षेत्रबाट प्राप्त गरेको छ। समुदायको आयआर्जन र गिद्ध संरक्षणको दिगो विकासको लागि माछा पालन, मौरी पालन, गँड्यौला मल, होम स्टे, नेचर गाईड तालिम जस्ता कार्यक्रम संचालन गरेको छ।

८ कैलाली र पोखरामा यही वर्ष २०६७ सालमा जटायू सुरक्षित क्षेत्र स्थापना गरेर र विभिन्न जनचेतनामूलक कार्यक्रम संचालन गरी गिद्ध संरक्षण भैरहेको छ।

यसै गरी झापा, इलाम, चितवन, कपिलवस्तु, दाङ्ग देउखुरी, बाँके, बर्दिया र कञ्चनपुर जिल्लाका स्थानीय साझेदार संस्था र जनसमुदाय गिद्ध संरक्षणमा लागेकाले विश्वबाट लोपन्मुख अवस्थामा पुगेका गिद्धहरूको संरक्षण भएको छ।



**भूपाल नेपाली**
*फिल्ड अफिसर*
*गिद्ध संरक्षण कार्यक्रम*
*नेपाल पन्छी संरक्षण संघ*

# गिद्ध बिनासको प्रमुख कारण डाईक्लोफेनेक र यसको विकल्प

नेपाल लगायत दक्षिणपूर्वी एसियाका विभिन्न मुलुकहरूमा गिद्धको संख्यामा निकै कमि आईसकेको छ। विभिन्न वैज्ञानिक खोज र अनुसन्धानका आधारमा गिद्ध बिनासको प्रमुख कारण पशु-उपचारमा प्रयोग गरिने डाईक्लोफेनेक नामक औषधि नै हो भन्ने कुरा स्पष्ट प्रमाणित भैसकेको छ।

**डाईक्लोफेनेक र यसको गिद्धमा पर्ने असर**

डाईक्लोफेनेक पशु-उपचारमा दुख्ने र सुन्निने समस्या निदान गर्नका लागि प्रयोग गरिने औषधि हो। यस्ता समस्या विभिन्न रोगहरूमा देखिने भएको हुँदा यस्ता औषधिको प्रयोग व्यापक रुपमा भएको भेटिन्छ। डाईक्लोफेनेक प्रयोग गरिएका पशुहरूको उपचारका क्रममा मृत्यु भएमा यिनीहरू गिद्धको आहारा बन्न सक्दछन्। यसरी सो औषधि गिद्धको शरीरमा पुगी रगतमा यूरिक एसिड भन्ने तत्व अत्याधिक मात्रामा बढाउने गर्दछ। यस्तो अवस्थालाई भिसरल गाउट पनि भनिन्छ, जसलाई गिद्धको शरीरका भित्री अंगहरूमा जम्मा भएका यूरिक एसिडको फिल्लीबाट सजिलै सँग पहिचान गर्न सकिन्छ। यूरिक एसिड गिद्धको मृगौलाबाट सजिलै छानिएर निस्काशन हुन नसक्दा मृगौला सुन्निने र काम गर्न छोड्ने समस्या देखिन्छ र तत्काल गिद्धहरू मृत्युको मुखमा पुग्दछन्।

वैज्ञानिक खोजका आधारमा जनावरमा थोरै मात्र डाईक्लोफेनेकको प्रयोगले पनि ठूलो संख्यामा गिद्धहरू बिनाश गर्न सक्छ भन्ने तथ्य सिद्ध भैसकेको छ। तसर्थ: गिद्ध संरक्षणका लागि सो औषधिको प्रयोग पूर्ण रुपले बन्द गर्नु नै प्रमुख विकल्प हो। सन् २००६ जून देखि लागू हुने गरी नेपालमा औषधि व्यवस्था विभागले पशुमा प्रयोग हुने डाईक्लोफेनेकको उत्पादन र प्रयोगमा रोक लगाई सकेको छ। तसर्थ: सो औषधिको पशु-उपचारमा प्रयोग गर्नु अवैधानिक र अनैतिक कार्य मानिन्छ।



**डाईक्लोफेनेकको सुरक्षित विकल्प मेलोक्सिक्याम**

हालसम्म गिद्धमा परिक्षण गरिएका औषधिहरू मध्ये मेलोक्सिक्याम मात्र जनावरका लागि प्रभावकारी र गिद्धका लागि सुरक्षित औषधि हो। सो औषधिले गिद्धको शरीरमा यूरिक एसिड लगायत अन्य हानिकारक तत्वहरू नबढाउने हुँदा यसलाई डाईक्लोफेनेकको प्रमुख विकल्प ठानिएको हो। मेलोक्सिक्यामलाई विभिन्न रोगहरू र अवस्थाका जनावरहरूमा *(जस्तै: थुनेलो, स्वासप्रश्वासका समस्या, ब्याउने अवस्थाका पशुहरू आदि)* सुरक्षित प्रयोग गर्न सकिन्छ। मेलोक्सिक्यामको राम्रो प्रभावकारिता संसारभर गरिएका थुप्रै अनुसन्धानहरूबाट पुष्टि भएको भेटिन्छ।

अन्त्यमा, हालका दिनहरूमा मानव प्रयोजनका डाईक्लोफेनेकहरू केही मात्रामा पशु उपचारमा प्रयोग गरिएको पनि भेटिन्छ। अधिकांश प्रयोग हुने यस्ता डाईक्लोफेनेक औषधि व्यवस्था विभागमा दर्ता गरिएको पनि छैन। तसर्थ: सो प्रयोगलाई पूर्णरुपले बन्द गरी विकल्पमा सुरक्षित मेलोक्सिक्याम प्रयोग गरी प्रकृतिका कुचिकार गिद्धहरूको संरक्षण गर्नु नितान्त आवश्यक रहन्छ।

**डा. सुर्य पौडेल**
*भेटेरिनरी अधिकृत*

*गिद्ध संरक्षण कार्यक्रम*
*नेपाल पन्छी संरक्षण संघ*



# गिद्ध संरक्षणमा नयाँ प्रयास र भविष्य

विश्वबाटै गिद्ध अति संकटापन्न र लोपोन्मुख अवस्थामा पुगेका छन्। गिद्धका प्रजातिहरूलाई संरक्षण गर्न नेपालमा प्रमुख चार पक्षबाट संरक्षणका कार्यक्रमहरू अगाडी बढाईएको छ। ती हुन् (१) गिद्ध पाईने क्षेत्रहरूमा स्थानीय जनसमुदाय, जिल्ला स्तरीय निकाय र पशु उपचारमा संलग्न व्यवसायीहरूको सहकार्यमा डाईक्लोफेनेक मुक्त क्षेत्र बनाउँने तथा सुरक्षित आहाराको व्यवस्था गर्ने, (२) गिद्धको महत्व र संरक्षण बारे जनचेतना बढाउने, (३) अति संकटापन्न प्रजातिहरूको लागि संरक्षण तथा प्रजनन् केन्द्र स्थापना गर्ने र (४) वैज्ञानिक अध्ययन, अनुसन्धान तथा अनुगमन गर्ने।

नेपाल सरकार, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको गिद्ध संरक्षण कार्य योजना (सन् २००९-२०१३) ले पनि माथि उल्लेखित पक्षलाई समेटेको छ।यो कार्ययोजनाले गिद्ध संरक्षणको लागि राम्रो मार्गदर्शन दिएको छ। राष्ट्रिय प्रकृति संरक्षण कोष, नेपाल पंछी संरक्षण संघ, बेलायतका रोयल सोसाइटी फर दी प्रोटेक्शन अफ बर्डस् (RSPB) र जुलोजिकल सोसाइटी अफ लन्डन (ZSL) को सहयोगमा यो कार्ययोजना तयार पारिएको छ। यो गिद्ध संरक्षण कार्य योजना अंग्रेजी भाषामा तयार भई प्रकाशित भैसकेको छ भने नेपाली भाषामा चाँडै अनुवादन भई प्रकाशित हुँदैछ।




नेपाल पंछी संरक्षण संघले गिद्ध सुरक्षित क्षेत्र (Vulture Safe Zone) को अवधारणा तथा कार्यक्रम अगाडी सारेको छ। रोयल सोसाइटी फर दी प्रोटेक्शन अफ बर्डस (Royal Society for the Protection of Birds -RSPB) र क्रिटिकल इकोसिष्टम पार्टनरसिप फण्ड (Critical Ecosystem Partnership Fund -CEPF) को सहयोगमा यो अवधारणा तथा कार्यक्रम नेपालको १३ जिल्लाहरूमा लागू गरिएको छ।

यस अवधारणा कार्यक्रम मार्फत गिद्ध संरक्षणका विभिन्न उपायहरू (जस्तै, सुरक्षित आहारा व्यवस्थापन, डाईक्लोफेनेक न्यूनिकरण तथा मुक्त क्षेत्र घोषणा, मेलोक्सिक्यामको प्रबर्द्धन, जनचेतनामुलक कार्यक्रम, बासस्थानको सुरक्षा र वैज्ञानिक अनुसन्धान) लाई केन्द्रित गर्दै गिद्धहरूलाई सुरक्षित वातावरणको व्यवस्थापन गरिने छ। अन्तर्राष्ट्रिय रुपमा मान्यता पाइसकेको यो अवधारणा छिट्टै नै भारतमा पनि लागू हुन गईरहेको छ।

यही २०६७ साल फागुन ९ गते काठमाडौंमा Saving Asia's Vultures from Extinction (SAVE) को लोकार्पण कार्यक्रम हुन गइरहेको छ। भारतको नयाँ दिल्ली र बेलायतको लन्डनमा पनि यो कार्यक्रम निकट भविष्यमा हुन गइरहेको छ।

सेभ (SAVE) एउटा अन्तर्राष्ट्रिय संरचना हो, जसले गिद्ध संरक्षणका कार्यक्रमहरूलाई दिगो बनाउन, श्रोत साधन जुटाउन, एकरुपता ल्याउनमा र सहयोगी संस्थाहरूको कार्यक्षमतालाई बृद्धि गर्नमा प्रमुख भुमिका निभाउने छ। सेभ (SAVE) को लोकार्पण सँगै गिद्ध संरक्षणको नयाँ बिहानीको उदय हुन सक्छ भनेर हामी आशावादी हुन सक्छौं।

**आनन्द चौधरी**
*गिद्ध संरक्षण कार्यक्रम अधिकृत*
*नेपाल पन्छी संरक्षण संघ*



*अवश्य सुन्नुहोस्।*
**पन्छी संसार**
**ईमेज एफ.एम. ९७.९ मा बिहान ७.४५ बजे**
**नेपाली महिनाको दोस्रो तथा चौथो शनिवार**

# अन्यायको विरुद्ध ज्यान दिने जटायू

जटायू ठुलो प्रजाति मध्यको मासांहारी पन्छी हो। यसले नत जिउँदो प्राणी खान्छ नत फलफूल र खाद्यबाली नै खान्छ। खान्छ त केवल मरेको सिनो र फालेको मासुजन्य फोहर। त्यसैले यसलाई प्रकृतिको कुचिकार भनिएको हो। मरेको सिनो एकैछिनमा खाई दिन्छ। जसले गर्दा ठुला-ठुला महामारी रोगहरू फैलिन पाउँदैन। यस्तो मानव मैत्री पन्छी मानवीय कारणले धर्तीबाटै सदा-सदाको निम्ति अस्तित्व नै लोप हुने अवस्थामा पुग्न लागेको थियो। संरक्षणका अथक प्रयासपछि आशाका किरणहरू देखा पर्न थालेकाछन्। गिद्धको महत्व यतिखेर मात्रै होइन सृष्टी देखि नै व्यापक छ। त्यसले हिन्दुहरूका विभिन्न महत्वपूर्ण ग्रन्थहरूमा यसलाई विभिन्न रुपमा प्रस्तुत गरिएको पाईन्छ। यहाँ महर्षी वाल्मीकीद्वारा रचित रामायणमा साहसिक कामको खबै वर्णन गरिएको छ। जस्तै जब लकांको राजा रावणले रामकी धर्म पत्नीलाई अपहरण गरी लग्दा सीता रोएर सबैसँग गुहार माग्दछिन् तर रावणको डरले कोही पनि बोल्न साहस गर्न सक्दैनन्। जस्तै:

यो वनका विभिन्न रुखहरूमा बस्ने विभिन्न देवताहरू जो-जो हुनुहुन्छ सबैलाई मेरो नमस्कार छ, तपाईहरूले मेरो श्रीमान् लाई चाँडै सूचना दिनुहोस् तपाईको श्रीमतीलाई राक्षसले अपहरण गरी लग्यो भनेर।

*दैवातनि च यान्यस्मिन् वने विविधपाद्पे।*
*नमस्करोम्यहं तेभ्यो भर्तु:शंसत मां हृताम्॥३२॥ पृष्ठ ५७८*

अन्तत सीताले यस वनमा रहने पशु पन्छी जो जो छौउ ति सवैको म शरण लिन्छु मेरा स्वामी रामचन्द्रलाई तपाईको सीताको अशहाय अवस्थामा रावणले हरणगरी लग्यो भनेर भनि दिनु। जस्तै:

*यानि कानिचिदप्यत्र सत्वानि विविधानि च।*
*सर्वाणि शरणं यामी मृगपक्षिगणानि वै॥३३॥*
*ह्रियमाणां प्रियां भर्तु: प्राणेभ्योऽपि गरीयसीम्।*
*विवशा ते हृता सीता रावणेनेति शंमत॥३४॥ पृष्ठ ५७८*

यसरी सीताले गुहार माग्दै पुकार गरेको सुनी जटायू (गिद्ध)ले रावणलाई सम्झाउन खोज्छ। तैपनि रावणले केहि नमाने पछि जटायूले भन्दछ। म बुढो छु तिमी जवान छौं मसँग युद्धका कुनै पनि साधन छैनन् तिमीसँग धनुष, कवच, वाण तथा रथ सबै छन् तैपनि तिमीलाई कुशलतापूर्वक सीतालाई लगेर जान दिन्न। जस्तै:

*वृद्धोऽशहं त्वं युवा धन्वी सरथ: कवचि शरी।*
*न चाप्यादाय कुशली वैदेहीं मे गमिष्यसि॥२१॥ पृष्ठ ५८०*

यस्तो अवस्थामा जटायूलाई नमारी रावण सीतालाई लगेर अगाडी जान सक्ने कुरै हुँदैन। त्यसलै रावण र जटायूको बिच भिषण युद्ध शुरु हुन्छ। जटायूले जब रावणको रथ र वाण नष्ट गरिदिन्छ तब रावण भुँईमा खस्दछ यो देखेर सबै प्राणीले गिद्धराजको प्रशंसा गर्न थाल्दछन्। यति मात्रै होइन रावणका दशै हात उखेलेर फालिदिन्छ तर रावणका हात पुन: पलाउँछन् र अन्तत: तरबारले जटायूको पखेटा काटेर भुँइमा खसाल्दछ र सीतालाई लिएर जान्छ। जस्तै:

*दृष्ट्वा निपतितं भूमौ रावणं भग्नवाहाम्।*
*अङ्केनादाय वैदेहीं पपात भुवि रावण:॥१९॥*
*दृष्ट्वा निपतितं भूमौ रावणं भग्नवाहनम्।*
*साधु साध्विति भूतानि गृध्रराजमपूजयन्॥०॥ पृष्ठ ५८२*
*तस्य व्यायच्छमानस्य रामस्यार्थे स रावण:।*
*पक्षौ पादौ च पार्श्वौ च खड्गमद्धृत्य सोऽच्छिनत्॥ ४२॥*
*सच्छिन्नपक्ष: सहसा रक्षसा रौद्रकर्मणा।*
*जिपपात महागृध्रो धरण्यामल्पजीवित:॥४३॥ पृष्ठ ५८६*

यसरी अन्याएको विरुद्ध सत्यताको निम्ति आफ्नो ज्यान अपर्ण गर्ने जटायू (गिद्ध) डंगर प्रजातिको रहेछ भन्ने कुरा यसबाट प्रष्ट हुन्छ। जस्तै:

*तं नीलजीमूतनिकाशकल्पं*
*सपाण्डुरोरस्कमुदारवीर्यम्।*
*ददर्श लङ्काधिपति: पृथिव्यां*
*जटायुषं शान्तमिवागिन्दावम्॥४५॥ पृष्ठ ५८३*



*उपरोक्त श्लोकहरू महर्षि वाल्मीकिप्रणीत श्रीमद्वाल्मीकीय रामायण (प्रथम भाग) बाट लिएका हुन्।*

■ **डिल्ली बहादुर रावत**
*अध्यक्ष*
*पर्यावरणीय दिगो विकास एवं अनुसन्धान केन्द्र*
*दाङ्ग*

# मँ सानो छँदा

म सानो छँदा,

एक दिन मेरो काली भैंसी अचानक बिरामी भई,
हजुरबुवा झारफुकमै लाग्नुभो झाक्री कहाँ गई।

विधिको विधान उसको जीवनलिला त्यत्तिकै सिद्धियो,
मेरा साना भाई बैनीको बुबु खाने बोटी नै रित्तियो।

मृत तन घिसारेरै फाल्नुभयो गाँउले भेला भई,
विवश म पछी पछी लागी हेरेथैं टुलु टुलु रोई।

एकैछिन पछी रिङन थाले गिद्ध आकाशैको माथि,
स्कुल जानै छाडी बसिदिएँ म त बनैं उनको साथी।

कोही सुन, कोही डङ्गर, कोही हिमाली अनि सेता कति धेरै आएका
लुछा चुँडी गर्दै एकै दिनमा सिध्याए खन्चुवा कति धेरै खाएका।

तर
आज त्यो दृश्य विरलै पो बन्दै गएको छ,
तिम्रो संख्या क्रमश: ओरालो पो लागेको छ।

तिम्रो बिष डाइक्लोफेनेक पशु उपचारमा प्रयोग गर्दा,
कसरी सहयौ होला तिम्रा ति सारा आफन्तहरू मर्दा।

बैगुनी यी मानिसहरू तिम्रो त्यो गुन भुल्दाखेरी,
अफसोच मान्दैथे बल्ल महामारी रोग फैलँदाखेरी।

अब
अचेल त मानिसहरूले तिम्रो महत्व बुझिसकेका छन,
शुद्ध खाना खुवाउन रेष्टुरेण्ट पनि खोलिसकेका छन।

डाईक्लोफेनेक बहिष्कार गरी मेलोक्सिक्याम अपनाई,
जोगाउँ यिनीहरूलाई नेपालभरी गिद्ध सुरक्षित क्षेत्र बनाई।

बासस्थान नबिगारी दिउँ यिनको लाग्छ हामीलाई पाप,
यिनलाई जोगायौं भने मात्र पाउँने छौं भावि पुस्ताको धाँप।

मिलाऔ हाम्रा हातहरू संरक्षण चेतना जगाउँदै मन मनमा,
तन मन धन ज्ञानका साथ जुटौं गिद्ध संरक्षण अभियानमा।

सलाम मरेको सिनोखाई वातावरण सफा गर्ने प्रकृतिको कुचिकारलाई,
सलाम सृष्टिको यो अनुपम उपहार खाद्य शृङखलाको
सुचिकारलाई।

**कृष्णप्रसाद भूसाल**

*स्नाकोत्तरतह द्धितिय वर्ष, प्राणीशास्त्र केन्द्रिय विभाग*
*त्रि.वि., कीर्तिपुर, काठमाण्डौ।*
*(जटायु छात्रवृत्ति विजेता २००९)*

## Congratulations!

- Abraham Concervation Award : **Jatayu Restaurant Management Committee**, Kawasoti/Pithauli, Nawalparasi
- Abraham Concervation Award : **Jatayu Restaurant Management Committee**, Gaidatal, Lumbini , Rupandehi
- Abraham Conservation Award: **Hirulal Dangaura**, Monitoring and Education Assistant, Vulture Conservation Program, BCN, Kailali
- Mathew Preece and Yeshi Choden Lama Young Conservation Leader Award: **Anand Chaudhary**, Vulture Conservation Programme Officer, Vulture Conservation Program, BCN
- **Dr Surya Paudel** for his study on Conservation Medice at University of Veterinary Medicine, Vienna Austria

***- Bird Conservation Family***

# गिद्ध हाम्रा सम्पत्ति हुन

गिद्ध हाम्रा सम्पत्ति हुन।
यिनको संरक्षण गरौं॥
गिद्धको संरक्षण गर्न॥।
सबै अघि बढौं॥।

गिद्धलाई मार्ने होइन।
यिनी पनि प्रकृतिका सन्तान हुन॥
गिद्धलाई असर पर्ने॥।
सबै कार्य रोकौं॥।


एक दुइ जना ले मात्र होइन।
सबैले संरक्षण गर्नुपर्छ॥
गिद्धको संरक्षण गर्न॥।
डाइक्लोफेनेक बन्द गर्नुपर्छ॥।

गिद्धको संरक्षण गरी।
पर्यटकलाई लोभ्यायौं॥
पर्यटकीय क्षेत्र भनी॥।
जटायू रेस्टुरेन्टलाई चिनाउँ॥।

गिद्धको संरक्षण गर्न।
हामी सबै लाग्नुपर्छ॥
पर्यटकीय क्षेत्र भए॥।
आर्थिक रुपले लाभ हुन्छ॥।

आर्थिक रुपले लाभ भए।
हाम्रो क्षेत्र विकास हुन्छ॥
सबैले गरे भने॥।
देशकै विकास हुन्छ॥।

गिद्धको संरक्षण गर्न।
छिट्टै कदम चाल्नु पर्छ॥
एक दुइजनाले मात्र होइन॥।
सबैले गर्नुपर्छ॥।



**हिरुलाल डंगौरा**
*अनुगमन तथा शिक्षा सहायक*
*गिद्ध संरक्षण कार्यक्रम*
*नेपाल पन्छी संरक्षण संघ*

***Mr. Megh Pandey** is Deputy Director General of Department of National Parks and Wildlife Conservation, Ministry of Forests and Soil Conservation. He was the Chief Warden of Chitwan National Park during the establishment of Vulture Conservation and Breeding Centre at Kasara.*



***How do you perceive the current scenario of vulture conservation in Nepal?***

Vulture number is declining at an alarming rate in South Asia. And story is similar here in Nepal as well. Out of nine vulture species of South Asia, eight are found in Nepal of which three are critically endangered and one endangered. For long term conservation of these declining vultures, we have established Vulture Conservation Breeding Centre at Kasara which is also the Headquarter of Chitwan National Park. Currently the centre holds 43 white rumped vultures and we have set a target to keep 25 pairs of each critically endangered vulture species at the centre. We are in progress for setting up sufficient infrastructure and other facilities. Our aim is to save vulture species from extinction and I am optimistic that our conservation efforts will pay off well.

***How do you compare vulture conservation in Nepal with other long term species conservation efforts like the conservation of tigers, rhino and snow leopard?***

We have been working on conservation and management plan to save declining species at Nepal like Rhino, Tiger and Elephant. Similarly we have also recently launched Vulture conservation action plan. I feel that each and every species have a role in the ecosystem and species should be prioritized on the basis of their ecological importance rather then their body size. Speaking in regards of vultures, they are nature's scavenger, which feed on dead carcass and thus serve to clean up the environment. So not only other flagship species but vultures also have pivotal role in this nature and should be equally treated and conserved.

***Can you elaborate on the role of national NGOs like National Trust for Nature Conservation and Bird Conservation Nepal as well as international partners like the Royal Society for Protection of Birds, Darwin Initiative and Zoological Society of London in supporting Nepal Government in achieving the targets set in the 5-year 'Vulture Conservation Action plan for Nepal'?***

We must admit that conservation works are less prioritized in poor and developing nations like Nepal but it does not mean that we have neglected the issues. We have been serious and continuously devoted ourselves from our level. I regard the role of Nepal government in conservation as *"subsistence conservation"* and we need further support and backstopping from INGOs/NGOs. Currently we are receiving appreciable support from ZSL, RSPB, WWF, NTNC, BCN and various other organizations for vulture conservation. It was not possible to establish and run VCBC without their support and I am optimistic that government will also allocate some financial resources from next fiscal year. So such integrated effort from every level is highly necessary to strengthen government's initiatives.

***You were the Chief Warden during the establishment of the Vulture Conservation and Breeding Centre at Chitwan National Park in 2007/08. Can you recall some interesting incidents and/or hurdles faced and how they were overcome?***

Nothing spectacular but I remember some logs were missing during construction and a staff was harassed. These cases were resolved soon and culprits were punished as well. We had also faced some technical and financial problems for breeding aviary set up and staffing which were also resolved with support from partners such as NTNC and BCN.

***Currently, none of the three critically endangered and one endangered species of vultures are in the list of protected animals of Nepal. When are we likely to see this list updated and how likely are the vulture species to be listed as protected birds?***

We have not amended the list and act since a long time but a task force is already established and is active now. Probably we will get an updated list on 2010 or 2011 if in case of delay. I am confident that the new list will include all the endangered vulture species.

# Interview

*__Dr. Shanta Raj Jnawali__ is Director of Terai Environment at National Trust for Nature Conservation (NTNC). His role has been crucial for establishment and management of vulture conservation breeing centre and the Vulture Conservation Action Plan for Nepal 2009-2013.*

● ***As the largest conservation NGO in the country please elaborate on the role played by NTNC in vulture conservation in Nepal?***

NTNC is not an organisation that works specifically for birds. However, we have always worked for the conservation of biodiversity across Nepal and we are pleased to partner Department of National Parks and Wildlife Conservation and Bird Conservation Nepal in the Vulture Conservation and Breeding Centre project. With our long experience in species conservation and our outreach in the area, we hope to continue to backstop vulture conservation work.

● ***Can you talk briefly about the national and international collaboration for the vulture conservation and breeding centre?***

After scientific evidence of the decline of vultures came to light , it was imperative that Nepal too took important steps for its conservation. This is why NTNC joined hands with BCN to support Nepal Government in establishing a breeding centre for vultures in Nepal. International support, particularly from the Zoological Society of London, Royal Society for the Protection of Birds and Darwin Initiative has been crucial in establishing and running the centre so far. Nepal is a poor country and in the current scenario, available resources are, rightly, being used for other crucial matters of the state. The costs of running the centre is high and we need continuous support and long term commitment from our international partners. I also feel WWF should join hands in vulture conservation as they have strong international linkages and ability to raise funds for conservation. There are also other organisations which we need to explore such as European Zoo Association.

● ***How do you envision the vulture conservation and breeding centre 10 years from now?***

We have only recently established the breeding centre and we are still in the learning phase. Ten year is too close and it will come upon us before we know it. In the coming years we should strengthen our breeding centre and continue work in expanding areas that are free of diclofenac. By the end of ten years we can hope to see a release plan for vultures finalized.

● ***What would be the single most important role of the vulture conservation action plan for Nepal 2009-2013 and why?***

The vulture conservation action plan consists of achievable objectives and activities but it is not a rigid structure, we can change it as per the need and in light of new developments. The single most important role of the plan is to provide safe environment for vulture and ensure that they survive.

● ***Vultures are regarded as a dirty, ugly bird and often have a taboo associated with them. So what would be your message to the general public in this regard?***

It is us humans that give an animal its image. When I was a child, I once touch vulture while playing with my friends. When my parents came to know about it they scolded me and ask me to take a bath. How things have changed, now I am working for its conservation!






# People speak

**Nick Lindsay,** Senior Curator - Zoo Projects, Conservation Breeding and Reintroduction Programme Manager, ZSL

ZSL congratulates the Nepalese authorities for the tremendous effort they are putting in to save the Oriental white-backed and the slender-billed vultures from extinction. This is only possible through a considerable coordinated effort with the government and NGOs working together on a number of initiatives including a conservation breeding programme and the support of surviving wild populations. This is the first time such an effort has been attempted in large raptors especially working with such numbers and with a tight schedule. ZSL is very pleased to be involved in this exciting programme and wish our friends and partners in Nepal (and India) success.

**Dilli Bahadur Rawat,** ESDRC, Dang

I am very happy with the progress made on vulture conservation works at Nepal. Now nation should also allocate sustainable funding pool to get implemented through local government authorities that will solely exists for biodiversity conservation. In a long term we should plan to sustain ourselves.

**Hem Sagar Baral,** PhD, Chief Technical Adviser, Himalayan Nature

Nepal has made a great leap in terms of vulture conservation. The road ahead, however, is very bumpy and not an easy one. Our goal is to ensure vulture diversity in viable numbers –throughout Nepal and beyond the borders. As birds know no boundaries and especially these large denizens of nature –we must ensure conservation wok beyond the geographical boundaries are done with same passion, effort and success.

The most effective vulture conservation work can be brought about by community stewardship and participation. While, experts, governments and civil societies can do much needed research, lobby, advocacy, enforcement work—meaningful conservation of vultures will be achieved only through the support and leadership of local community. Project that pave way for economic incentives to local have chances of flourishing in the future and relatively more sustainable. Let us bring our vultures back and fill the empty skies again!

**Richard Cuthbert,** Senior Conservation Scientist RSPB

I have been involved in the vulture conservation work in Nepal since 2004 and it is with real pleasure to see how the programme has grown and responded to the conservation crisis that these species are facing in Nepal and India. Bird Conservation Nepal, National Trust for Nature Conservation and the Department of National Park and Wildlife Conservation are now working to create real solutions for Nepal's vultures, by establishing a breeding centre, monitoring wild populations, changing the use of veterinary drugs and working with local communities around remaining vulture colonies. We are beginning to measure the progress in terms of talking about increases in numbers of vultures, rather than decreases - long may it continue.

**Bijaya Raj Shrestha,** Conservationist, Kailali

Bird Conservation Nepal has initiated vulture conservation works at a right time; delay would create a great loss in our nature. I feel that vulture initiatives are going on a right track with noteworthy achievements to sensitize people and conserve vultures in the wild as well.

**D. B. Chaudhary,** Coordinator, Jatayu Safe Zone, Nawalparasi

For me, it's good to feel that each and every organizations and conservation sectors have a good coordination and concerted efforts to save vultures from extinction. We need to work more on the line and make this planet a safer heaven for other endangered species too. I am very happy with the recent progress that we have made so far. I feel that each and every organizations and conservation programmes for vulture conservation should come under single umbrella. As always we will devote ourselves for sustainability of the ecosystem.

**Basu Bidari,** Ornithologist and President of Bird Education Society, Sauraha, Chitwan

People are changing their practice of Diclofenac which we feel is very encouraging. We should coordinate from various levels to conserve vultures and their habitat. We are very happy to be a part of BCN for vulture conservation.

# नेपाल पन्छी संरक्षण संघ

## *Bird Conservation Nepal*

नेपाल पन्छी संरक्षण संघ पन्छीविद्, पन्छी अवलोकन गर्ने र संरक्षण गर्ने व्यक्तिहरूको निकै पुरानो संस्था हो। सन् १९८२ मा स्थापित यस संस्थाको जनसाधारणमा चराहरूको बारेमा ज्ञान अभिबृद्धि गर्ने, चराहरूको विविधता तथा जीवनचक्र बारे अनुसन्धान गर्ने, र चराहरूलाई पर्ने प्रमुख खतरा पत्ता लगाउँने र तिनीहरूको वासस्थान संरक्षण गर्ने मूल सिद्धान्त रहेको छ। यो संस्था पन्छी संरक्षण सम्बन्धी नेपालको सबैभन्दा पुरानो, ठूलो जानकारी प्रदान गर्न सक्ने संस्था हो। पूर्णतया स्वयंसेवकबाट संचालित यस संस्थाको प्रमुख शक्तिको रुपमा यसका सदस्यहरू रहेका छन्। यस संस्थाको संस्थापक अध्यक्ष श्री हरि शरण नेपाली "काजी" ज्यू हुनुहुन्छ जो नेपालको प्रथम नेपाली पन्छीविद् मानिनुहुन्छ। यस संस्थामा संरक्षक, आजीवन सदस्य, साधारण सदस्यहरू गरि थुप्रै सदस्यहरू रहेका छन्। यसका सदस्यहरू पन्छी सम्बन्धी जानकारी राख्न चाहने इच्छुक, संरक्षणवादी, विद्यार्थी तथा जनसाधारणहरू नै रहेका छन्। नेपाली पन्छी संरक्षण संघ राष्ट्रिय स्तरको सबैभन्दा भरपर्दो संस्था भएको छ। यस संस्थाले १७-१८ वर्ष अघिदेखि चराहरूको स्थिति र संरक्षणका बारेमा जानकारी गराउँदै आएको छ। यसको प्रमुख उद्देश्य पन्छी र यिनीहरूको वातावरण र मानवसँगको सम्बन्धको बारेमा जन साधारणलाई वातावरणीय शिक्षा दिनु हो। पूर्णतया स्वयंसेवकबाट संचालित हुनाले यस संस्थाले पन्छी संरक्षणका लागि जो कसैबाट पनि नैतिक, सामाजिक र आर्थिक सहयोगको अपेक्षा राख्दछ। यस संस्थाका बारेमा बढी जानकारी तथा सहयोगका लागि निम्न ठेगानामा पत्राचार गर्न सकिने छ।


**नेपाल पन्छी संरक्षण संघ**
पोष्ट बक्स १२४६५, काठमाडौं, नेपाल
फोन ४४१७८०५, ४४२०२१३, फ्याक्स ४४१३८८४
इमेल bcn@mail.com.np, वेबसाइट www.birdlifenepal.org


# Dedicated for Vulture Conservation

- **Jatayu Restaurant Managment Committee**, Nawalparasi/Pithauli
- **Namuna Community Forest User's Group**, Nawalparasi
- **Bishwa Jyoti Bikas Pratisthan**, Nawalparasi
- **Jatayu Restaurant Management Committee**, Rupandehi
- **Gaidatal Community Forest User's Group**, Rupandehi
- **Nepal Paraveterinary and Livestock Association**, District Committee Kapilbastu
- **Adhere Charchare Community Forest User's Group**, Madanpokhara, Palpa
- **Vulture Conservation Committee**, Ghachok, Kaski
- **Bird Conservation Nepal**, Pokhara Branch
- **Narti Community Forest Coordination Committee**, Dang
- **Kalika Community Forest**, Dang
- **Environment Sustainable Development Research Centre**, Dang
- **Environment and Rural Development Centre**, Banke
- **Bardiya Nature Conservation Club**, Bardiya
- **Nature Guide Association**, Kanchanpur
- **EARTH**, Dhangadi
- **Samaiji Community Forest User's Group**, Kailali
- **Golden Valley Youth Club**, Ilam
- **Bird Education Society**, Chitwan


● *सल्लाहकार:* डा. हुम गुरुङ्ग ● *सम्पादक मण्डल:* डा. सूर्य पौडेल, आनन्द चौधरी, भूपाल नेपाली ● *लेआउट:* क्यालिग्राफिक स्टुडियो ● *प्रकाशक:* नेपाल पन्छी संरक्षण संघ